# दक्षिण अफ्रिकाले सिकाएको पाठ

*चक्रप्रसाद बाँस्तोला*

(केन्द्रीय समिति सदस्य, नेपाली काङ्ग्रेस)

निकोलसको कुरा सुनेपछि हाम्रो वार्ता किन विफल भयो भन्नेकुरा मलाई प्रष्ट भयो । हाम्रो वार्तामा उहाँले भनेकाजस्ता कुनै पनि प्रक्रिया पूरा गरिएको थिएन । सम्झौता पूर्वका सहमति र प्रक्रियाको बारेमा कुरै गरिएन । न बुँदा टिपियो, न माइनुटमा लेखियो, न कुनै औपचारिक सहमतिमा हस्ताक्षर गरियो । पहिलो वार्ता “माने मान नमाने नमान” भन्नेकुरामा आधारित थियो ।

हामीले मुख्य मुद्दा चिन्ने कुरा पनि गरेनौं । हाम्रो देशको द्वन्द्व विचारधाराबाट प्रेरित छ, दक्षिण अफ्रिकी द्वन्द्व जातीय थियो । त्यसोभए पनि दक्षिण अफ्रिकी प्रक्रियाले नेपाललाई धेरै सिकाउन सक्छ । नेपालमा सम्झौता गर्ने कला, तालिम र विश्वास निर्माण गर्ने कुराहरूलाई ध्यानै दिइएन । म अझै सम्झन्छु माओवादीतर्फका वार्ताकार अग्नि सापकोटाले क्रान्तिको कुरा गर्दा हामी यहाँ तपाईंको प्रवचन सुन्न आएका हैनौं भनेर म चिडिएको थिएँ । वार्ता प्रक्रियाबारे राम्रो ज्ञान नभएका कारण त्यस्तो हुन गएको थियो ।

दक्षिण अफ्रिकाबाट सिक्ने अर्को महत्वपूर्ण कुरा प्रजातान्त्रिक वैधानिकताको मुद्दा हो । संलग्नपक्षहरूले एक अर्काका कुरा आदरपूर्वक सुन्ने प्रक्रिया,

विश्वसनीयता र उत्तरदायित्वका कुराहरू यसमा आउँछन् । प्रक्रियालाई हामीले महत्व नै दिदैनौं । यहाँ सरकारमा को जाने भन्नेकुरालाई मात्रै महत्व दिइन्छ । दक्षिण अफ्रिकी अनुभवबाट सिक्ने तेस्रो कुरा हो निकोलसले विस्तृत रूपमा भन्नुभएको “सबैलाई सधैं समावेश गराऊ तर सबै ठाउँमा होइन” भन्नेकुरा हो ।